# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२ को नियम ११ ले दिएको अधिकार प्रयोग गरी संभार समूहका पदाधिकारीहरूको तलबमान निम्नानुसार तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

तलबमान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (१) | | महासेनानी | २९०० | ९०(१०) | ३८००।– | |
| (२) | | प्रमुख सेनानी | २६९० | ८५(६) | ३२००।– | |
| (३) | | सेनानी | २४१५ | ८०(७) | २९७५।– | |
| (४) | | सह-सेनानी | २१७५ | ८०(५) | २५७५।– | |
| (५) | | उप-सेनानी | २०१५ | ८०(१) | २०९५।– | |
| (६) | (क) | सिनियर (वरिष्ठ) सुबेदार | १३६० | ४०(८) | १६८०–४५(७) | १९९५ |
| | (ख) | सुबेदार | ९६५ | २५(८) | ११६५–३०(७) | १३७५ |
| (७) | | जमदार | ८३० | १६(१०) | ९९०–१८(५) | १०८० |
| (८) | | हुद्दा | ७७० | १३(१०) | ९००–१५(५) | ९७५ |
| (९) | | अमलदार | ५२० | ९(१०) | ६१०–११(५) | ६६५ |

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।८।२३ को निर्णयानुसार भूमिसम्बन्धी ऐन, २०२१ को दफा २४ क. ले दिएको अधिकार प्रयोग गरी हदबन्दीभन्दा बढी प्राप्त गरेको जग्गा मोहीलाई बाहेक अरूलाई बिक्री बितरण गर्न रोकेको बखत गैरकानूनी तरिकाले बिक्री बितरण गरेको झापा जिल्लाको जग्गा सम्बन्धमा कार्यवाही गर्न भूमिसुधार कार्यालय, झापाका श्री भूमिसुधार अधिकारीलाई तोकिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
किरेन्द्रसिंह के.सी.
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१२